आज मिति २०७८ साल मंसिर २८ गते सल्यान जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री लक्ष्मी देवी होमागाई (खतिवडा) ज्यूको अध्यक्षतामा तपसिलबमोजिमका महानुभावहरुको उपस्थितिमा कोभिड-१९ को संक्रमण रोकथाम, नियन्त्रण र उपचार तथा पूर्वतयारी सम्बन्धी कार्यलाई एकीकृत र व्यवस्थित रुपमा सञ्चालन गर्ने सम्बन्धमा बैठक बसी देहायका निर्णय गरियो ।

## उपस्थिति :-

| | | |
|---|---|---|
| श्री लक्ष्मी देवी होमागाई खतिवडा | प्रमुख जिल्ला अधिकारी | -संयोजक |
| श्री राजेन्द्र प्रसाद पोखरेल | जि.स.अ. | -सदस्य |
| श्री कन्चन कृष्ण बस्नेत | प्रमुख सेनानी | -सदस्य |
| श्री सन्तोष रायमाझी | सशस्त्र प्रहरी नायव उपरीक्षक | -सदस्य |
| श्री गणेश प्रसाद आचार्य | प्र.अ.अ. | -सदस्य |
| श्री श्याम प्रकाश यादव | प्र.नि. | -सदस्य |
| श्री दशरथ कुमार श्रेष्ठ | नि. स्वास्थ्य सेवा व्यवस्थापक | -सदस्य |
| श्री थमन खड्का | सहायक प्रमुख जिल्ला अधिकारी | -सदस्य |

आमन्त्रित

डा. आसिन प्रजापति मे.अ. स्वा.से.का सल्यान
डा. रिकेश बराल मे.अ. SSBH
तारा प्रसाद रिजाल जं.स्वा.नि. स्वा.से.का सल्यान
छत्रराज भट्ट HESTD - SSBH.

निर्णयहरु :

क) नेपाल लगायत विश्वका धेरै मुलुकहरुमा कोभिड-१९ को तेस्रो भेरियन्ट ओमिक्रोनको संक्रमण फैलिसकेको हुँदा संक्रमणको रोकथाम तथा नियन्त्रणका लागि सर्वसाधारण उच्च सतर्क रहने, आवश्यक नपरी घरबाहिर ननिस्कने, भीडभाड नगर्ने, समयसमयमा साबुन पानीले हात धुने वा स्यानीटाइजरको प्रयोग गर्ने लगायतका स्वास्थ्य सम्बन्धी मापदण्डको पालना गर्ने ।

ख) विवाह, व्रतबन्ध, पूचाआजा आयोजना गर्दा बढी भीड जम्मा नगर्ने, मन्दिरमा पूजाआजा गर्दा भौतिक दुरी कायम गरी स्वास्थ्य सुरक्षा मापदण्डको पालना गर्ने/गराउने ।

ग) मानिसहरुको भीडभाड हुने गरी सञ्चालन हुने सबै प्रकारका मेला, महोत्सव, सभा, जुलुस आदि स्वास्थ्य सुरक्षा मापदण्डको अनिवार्य पालना गर्ने गरी सञ्चालन गर्ने ।

घ) सार्वजनिक यातायात सीट क्षमता भन्दा बढी यात्रु राखेर सञ्चालन नगर्ने, सबै यात्रु र चालक तथा सहचालकले अनिवार्य मास्क लगाउने । सार्वजनिक यातायातमा स्वास्थ्य मापदण्ड पालना गर्ने/गराउने दायित्व सवारी सञ्चालक एवम् चालक तथा सहचालकको हुने र पालना नभएको पाइएमा सञ्चालक एवम् चालक तथा सहचालकलाई कारवाही हुने ।

ङ) शिक्षण संस्थाहरुमा भौतिक उपस्थितिमा कक्षा सञ्चालन गर्ने सम्बन्धमा कोभिड-१९ को जोखिम विश्लेषण गरी सम्बन्धित स्थानीय तहको अनुमति लिई विद्यालय व्यवस्थापन समितिसँगको समन्वयमा स्वास्थ्य सुरक्षा मापदण्डको पालना हुने गरी सञ्चालन गर्न सकिने ।

च) आगामी पुष मसान्तसम्म लक्षित जनसंख्याको ६७ % र आगामी २०७९ बैशाख मसान्तसम्म सबै जनसंख्यालाई खोप लगाइसक्नु पर्ने भएकोले खोप लगाउन छुट भएको स्थान तथा समुदाय पहिचान गरी स्वास्थ्य सेवा कार्यालयले खोप लगाउने व्यवस्था मिलाउने ।

छ) खोप अभियानलाई प्रभावकारी बनाउन आवश्यकता अनुसार हाल भएका खोप केन्द्रको अलावा अन्य खोप केन्द्रहरु थप गरी खोप लगाउने कार्यलाई अगाडी बढाउने ।

ज) ओमक्रोन भाइरसको संक्रमणलाई नियन्त्रण गर्न सबै पालिकाहरुले एन्टिजेन तथा पि.सि.आर. परीक्षणको मात्रा बढाउने तथा गत आ.व. मा स्थापित आइसोलेसन सेन्टरहरुलाई तयारी अवस्थामा राख्ने, चिकित्सक तथा औषधीको व्यवस्था गर्न सबै पालिकाहरुमा अनुरोध गर्ने । खोप लिनेको संख्या कम भएका पालिकामा सो को कारण सहित समीक्षा गरी सुक्ष्म योजना तयार गर्ने र योजनाबमोजिम खोप अभियान सञ्चालन गर्ने ।